**तिनाउ गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०८०।०५।१५ गतेको ३३ औं बैठकका निर्णयहरुः**

**तिनाउ गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०८०।०५।१५ गतेको ३३ औं बैठकका निर्णयहरुः**

१. आर्थिक वर्ष २०८०/८१ मा आन्तरिक आय वृद्धिका लागि गाउँपालिकाबाट निकासी हुने जडिबुटी, कवाडी, जिवजन्तु तथा काठमा गाउँसभाले तोकेको दरका आधारमा ठेक्का बन्दोबस्त गरी आय संकलन गर्ने निर्णय गरियो ।

२. गाउँपालिकाको वडा नं. ३ को बसन्तपुरमा निर्माण भएको कामाख्य देवी मन्दिरमा श्रदालु भक्तजनहरुले चढाएको भेटी तथा दानबाट उठेको रकमको बाँडफाँडमा थप छलफल गरी निर्णय गर्ने निर्णय गरियो ।

३. कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधी २०८० र पशु सेवा सञ्चालन कार्यविधी २०८० स्वीकृत गर्ने निर्णय गरियो ।

४. भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन सम्बन्धी कार्यविधि, २०७८ को दफा ४(१) बमोजिमको सहजीकरण समितिमा काम गर्ने गरी कार्यपालिकाका सदस्यहरुमध्येबाट दलित/अल्पसंख्यक तर्फ श्री सन्तोष परियार र महिला तर्फ श्री इन्द्र कुमारी चिदी गरि २ जनालाई मनोनयन गर्ने निर्णय गरियो । साथै यसै कार्यविधीको दफा ४(२) बमोजिम वडास्तरीय भूमिहीन र अव्यवस्थित बसोबासी व्यवस्थापन सहजीकरण समिति गठन गर्न निर्देशन दिने निर्णय गरियो ।

५. आर्थिक वर्ष २०८०/८१ का आयोजनाहरु कार्यान्वयन गर्न तपशिल अनुसारको आयोजना कार्यान्वयन कार्ययोजना स्वीकृत गरी लागु गर्ने निर्णय गरियो ।

**<u>तपशिल</u>**

| क्र.सं. | कामको विवरण | कार्यान्वयन अवधी |
|---|---|---|
| १ | उपभोक्ता समिति गठन | २०८० असोज मसान्त सम्म |
| २ | उपभोक्ताहरुलाई तालिम | २०८० कार्तिक मसान्त सम्म |
| ३ | आयोजनाहरुको लागत अनुमान तयारी तथा योजना सम्झौता | २०८० पौष मसान्त सम्म |
| ४ | आयोजनाहरुको निर्माण, अनुगमन मुल्याङ्कन, भुक्तानी तथा फरफारक | २०८१ जेष्ठ १५ गते भित्र |

**तिनाउ गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०८०।०५।१५ गतेको ३३ औं बैठकका निर्णयहरुः**

६. २०८० सालको वर्षातको समयमा सिंचाइका संरचना, कृषियोग्य जग्गा कटान तथा खानेपानीका संरचनाहरु मर्मत तथा निर्माण गरी पुन सञ्चालन योग्य बनाउन गाउँपालिकाका प्राविधिकहरुले तयार पारेको लागत अनुमानको आधारमा काम गरी भुक्तानी दिने निर्णय गरियो ।

७. गाउँकार्यपालिकाले विगतमा गरेका निर्णयहरुको बारेमा छलफल गरी समिक्षा समेत गरियो ।

८. यस आर्थिक वर्ष २०८०/८१ मा गाउँसभाबाट लक्षित वर्ग कार्यक्रम तर्फ विनियोजन भएको बजेट रकम रु. २० लाखलाई देहाय बमोजिम बाँडफाँड गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**तपशिल**

| क्र.सं. | कार्यक्रम | बजेट रु हजारमा |
|---|---|---|
| १ | महिला लक्षित कार्यक्रम | ४०० |
| २ | युवा लक्षित कार्यक्रम | ३०० |
| ३ | आदिवासी लक्षित कार्यक्रम | ३०० |
| ४ | दलित लक्षित कार्यक्रम | ३०० |
| ५ | अपाङ्ग लक्षित कार्यक्रम | २५० |
| ६ | जेष्ठ नागरिक लक्षित कार्यक्रम | २५० |
| ७ | एकल महिला लक्षित कार्यक्रम | २०० |
| | जम्मा | २००० |